प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल



सामाजिक विकास मन्त्री
प्रदेश १, विराटनगर, नेपाल

## शुभकामना

**"कोभिड-१९ पश्चातको उत्कृष्ट पुनरागमनको सुनिश्चितता: अपाङ्गता भएका व्यक्तिहरूको पहुँच र दिगो विकासका लागि हामी सबैको प्रतिवद्धता"** भन्ने नाराका साथ मनाउन लागिएको अपाङ्गता भएका व्यक्तिहरूको २९ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा सम्पूर्ण अपाङ्गता भएका व्यक्ति तथा सरोकारवाला सवैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आर्थिक तथा सामाजिक विकास एवं अधिकारका लागि संयुक्त राष्ट्र संघले सन १९८१ मा अपाङ्गता सम्वन्धी विश्वव्यापी कार्ययोजना तयार गरी पारित गरेको दिन डिसेम्वर ३ लाई अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको रूपमा मनाउन गईरहेकाछौं ।

नेपाल सरकारले अन्तर्राष्ट्रिय अपाङ्गता अधिकार सम्वन्धी महासन्धिलाई अनुमोदन गरी पक्ष राष्ट्र भईसकेको छ । राज्य पुर्नसंरचना पश्चात अपाङ्गता अधिकारका विषयलाई तिनै तहको सरकारबाट संबोधन भईरहेको हुँदा सरकारले अपाङ्गतालाई अन्य विषयसँगै जोडिने विषय (Cross-Cutting Issue) का रूपमा ग्रहण गरेको छ। नेपालको संविधानमा अपाङ्गता अधिकारलाई मौलिक हकको रूपमा व्यवस्था गरी अपाङ्गताका आधारमा गरिने भेदभावलाई दण्डनीय वनाईएको छ । त्यसैगरी विभिन्न विषयगत ऐन, कानून र नीतिहरूमा अपाङ्गताको सवाललाई समावेश गराउदै शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, स्थानीय सरकार सञ्चालन ऐन, निजामती सेवा ऐन लगायतका ऐन, कानूनहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न प्रावधानहरू समेटिएकाछन् ।

प्रदेश सरकार गठन भई कार्य प्रारम्भ गरेको करिव ३ वर्ष मात्र पुग्दैछ । प्रदेश नं. १ ले अपाङ्गताका विषयमा यो छोटै अवधिमा पनि केही उदाहरणीय कार्य शुरु गरेको छ । प्रदेश स्तरीय नीति तर्जुमाको तयारी, सहयोगापेक्षी सडकआश्रित मानवहरूको उद्धार तथा पुनर्स्थापना, अपाङ्गता भएका व्यक्तिहरूको लागि सूचना, सहायता तथा परामर्श सेवाको सञ्चालन, प्रदेशस्तरीय अपाङ्गता समन्वय समिति गठन, प्रदेश सरकार, १३७ स्थानीय तह, र करुणा फाउण्डेसन नेपाल सहितको त्रिपक्षीय लागत साझेदारितामा "अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम" का माध्यमवाट अपाङ्गतामैत्री प्रदेश निर्माणमा जोड दिँदै आएको छ । तथापी अपाङ्गता भएका व्यक्तिको अधिकारको सुनिश्चितताका लागि प्रयास जारी रहेता पनि प्रदेश सरकारको नौलो अभ्यासमा अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकता र चाहना सबै पुरा गर्न सकिएको छैन । यसका लागि नेपालको संविधानले अपाङ्गताको अधिकार सुनिश्चितताका लागि गरेका व्यवस्थाको कार्यान्वयन, अपाङ्गता अधिकार सम्वन्धी महासन्धिका व्यवस्थाको कार्यान्वयन, अपाङ्गता अधिकार सम्वन्धी ऐन, २०७४ मा उल्लेख भएका प्रावधानहरूको कार्यान्वयन गर्न प्रदेश सरकार प्रतिवद्ध छ ।

सरकारको प्रतिवद्धतालाई साकार पार्न अपाङ्ग महासंघ, प्रदेश नं. १ तथा प्रदेशमा रहेका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरू, नीजिक्षेत्र, सरोकारवालाहरू लगायत सबै सम्वद्ध पक्षहरूलाई हातेमालो गर्न हार्दिक आह्वान गर्दछु ।

मङ्सिर १८, २०७७

जीवन घिमिरे

मन्त्री